नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

पत्र संख्या : २०८३/८४
चलानी नं.: प्रेस नोट नं.: १

सिंहदरबार, काठमाडौं

## प्रेस नोट

"कुपोषणको अन्त्य, मानवपुँजी निर्माण र समग्र आर्थिक सामाजिक विकास" को दीर्घकालीन सोच सहित नेपाल सरकारबाट मिति २०८० माघ १८ मा स्वीकृत बहुक्षेत्रीय पोषण योजना – तेस्रो (आ.व. २०८०/८१ – २०८७/८८) को व्यवस्था बमोजिम मिति २०८३ आषाढ ३२ गते राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. गुणाकर भट्टज्यूको अध्यक्षतामा उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक बसी योजना कार्यान्वयनको समीक्षाका साथै यस विषयक्षेत्र सम्बन्धित समसामयिक विषयमा छलफल तथा निर्णय भयो।

बैठकमा माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री श्री निशा मेहताज्यू र माननीय कृषि, वन तथा पर्यावरण मन्त्री श्री गिता चौधरीज्यूको विशेष उपस्थिति रहेको थियो। उक्त बैठकमा आयोगका पदाधिकारीहरु, सातै प्रदेशका प्रदेश नीति/योजना आयोगका उपाध्यक्षज्यूहरु, नेपाल सरकारका विषयक्षेत्र सम्बन्धित मन्त्रालयका सचिवज्यूहरु, पोषण तथा खाद्य सुरक्षा क्षेत्रका विषय विज्ञ एवम् विभाग तथा सम्बन्धित निकायका पदाधिकारीहरुको सहभागिता रहेको थियो।

बैठकमा राष्ट्रिय योजना आयोगका तर्फबाट सो योजना कार्यान्वयनको सम्बन्धमा पोषण विशेष, पोषण संवेदनशील, शासकीय प्रवन्ध एवम् सामाजिक व्यवहार परिवर्तनका क्षेत्रमा भएका गतिविधि एवम् भावी योजना समेटिएको प्रस्तुतीकरण भएको थियो। साथै, आयोगको नेतृत्वमा भएको दैनिक उपभोग गर्ने खानाको मूल्य एवम् पहुँच विषयक (Cost and Affordability Analysis of Diet (CAAD)) अध्ययन प्रतिवेदन सम्बन्धमा समेत प्रस्तुति भएको थियो।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाबाट मिति २०८३ बैशाख १५ गते देखि ३० गते सम्म देशव्यापीरुपमा सञ्चालन गरिएको राष्ट्रिय पोषण लेखाजोखा, २०८२/८३ अभियानको नतिजा सम्बन्धमा प्रस्तुति भएको थियो। उक्त अभियानबाट स्थानीय तहमा पहिचान भएका शीघ्र कुपोषित बालबालिकाको उपचारको व्यवस्था सुनिश्चित गर्न र पोषण अवस्था सुधार गरी कुपोषण न्यूनीकरण तथा नियन्त्रणका लागि बहुक्षेत्रीय पोषण योजना-तेस्रो अनुरुप राष्ट्रिय योजना



फोन नं.: ०१-४२११०३२, ४२१११३२, ४२११००४, ईमेल : npc@npc.gov.np, वेब : www.npc.gov.np

आयोगको समन्वय र सहजीकरणमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले कुपोषण रोकथाम तथा प्रतिकार्य योजना (Response Plan) तयार गरी कार्यान्वयनमा लैजाने निर्णय समेत भएको थियो।

उक्त बैठकमा उपस्थित माननीय मन्त्रीज्यूहरुबाट नागरिकहरुको स्वास्थ्य तथा पोषणको विषय सरकारको उच्च प्राथमिकतामा रहनुका साथै मानवपुँजी निर्माणका लागि अपरिहार्य रहेको बताउनुभयो। साथै, पोषणयुक्त आहार तथा खाद्य सुरक्षाका लागि सरकार प्रतिवद्ध रहेको र सबै विषयगत क्षेत्रहरुको समन्वयात्मक एवम् एकीकृत प्रयास रहेमा लक्ष्य हासिल हुने कुरामा जोड दिनुभएको थियो। त्यसैगरी बैठकमा उपस्थित अन्य सदस्यहरुले नागरिकहरुको पोषण अवस्था सुधारका लागि परिवेश एवम् आवश्यकता अनुरुप प्रमाणमा आधारित भएर लक्षित कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वयन गर्नु पर्ने कुरा औंल्याउनु भएको थियो।

उक्त बैठकको समापनका क्रममा आयोगका माननीय उपाध्यक्षज्यूबाट पोषण क्षेत्रमा भएका कार्यक्रम तथा लगानीको प्रभावकारिता अभिवृद्धिका लागि तीनै तहका सरकार, विषयगत मन्त्रालय/निकाय, विकास साझेदार तथा गैरसरकारी संघसंस्था, निजी क्षेत्र लगायत सबै सरोकारवालाले आफ्ना योजना, कार्यक्रम तथा परियोजना कार्यान्वयनमा लैजाँदा बहुक्षेत्रीय पोषण योजनाको नीतिगत मार्गदर्शन बमोजिम पोषणमैत्री प्रणालीगत पद्धतिलाई अवलम्बन गर्न सम्बन्धित सबै सरोकारवालालाई आह्वान गर्नु भएको थियो।

(हरिशरण पुडासैनी)
प्रवक्ता एवम् सहसचिव

मितिः २०८३ साल साउन १ गते



फोन नं.: ०१-४२११०३२, ४२१११३२, ४२११००४, ईमेल : npc@npc.gov.np, वेब : www.npc.gov.np